# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: २६/०७९/०८० मिति:२०८०/०३/१३

अध्यक्षता: नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थिति:

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**बैठक संख्या २७/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०३/१३**

मिति २०८० साल आषाढ १३ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. क्रशरमा रहेको नदीजन्य पदार्थको मौज्दात प्रमाणिकरण सम्बन्धमा ।**

(१) अर्जुनधारा नगरपालिकामा सञ्चालनम रहेका विभिन्न क्रशर तथा बालुवा प्रशोधन उद्योगमा गत २०८० ज्येष्ठ मसान्तसम्म संकलन भई मौज्दातमा रहेको नदीजन्य पदार्थहरु (ढुंगा, गिटी, बालुवा आदि) को मौज्दातको सम्बन्धमा नगरपालिकाको कार्यालयबाट जनप्रतिनिधि, कर्मचारी सहितको टोलीबाट स्थलगत निरीक्षण गरी मौज्दात नाँपजाँच गर्ने र सो परिमाण अनुसारको मौज्दात प्रमाणिकरण शुल्क नगरपालिकामा प्राप्त भएपश्चात मौज्दातको प्रमाणिकरण गर्ने निर्णय गरियो । क्रशर तथा बालुवा प्रशोधन उद्योगको स्थलगत अनुगमनका लागि आन्तरिक राजश्व कार्यालय, भद्रपुर झापालाई समेत अनुरोध गर्ने निर्णय गरियो।

(२) चालु आर्थिक वर्ष २०७९/०८० का लागि नदीजन्य पदार्थ उत्खनन, संकलनका लागि इजाजत प्राप्त ठेकेदार एनआरएनएन कन्क्रिट उद्योग प्रा.लि.ले समेत मौज्दात प्रमाणिकरणका लागि कार्यालयमा निवेदन दिएकोमा उक्त फर्मसँगको सम्झौताका शर्तहरुका सम्बन्धमा सम्मानित उच्च अदालत विराटनगरको इलाम इजालसमा मुद्दा परी विचाराधिन रहेको हुँदा मुद्दाको अन्तिम किनारा नलागुञ्जेल यथास्थितिमा राख्ने निर्णय गरियो ।

**२. स्वास्थ्य सेवाका कर्मचारीहरुको तलब भत्ता व्यवस्थापन सम्बन्धमा ।**

यस नगरपालिकाको स्थानीय स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको तलब भत्ता नेपाल सरकारबाट प्राप्त हुने गरेकोमा तोकिएको दरबन्दी भन्दा बढी रहेका स्थायी कर्मचारीहरुको तलब भत्ता स्थानीय तहबाटै व्यवस्थापन हुन भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट लेखी आएको हुँदा नेपाल सरकारबाट प्राप्त हुने बाहेक अपुग रकम नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**३. करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

यस नगरपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता तथा अन्य सुविधा भुक्तानी हुने गरी सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधि २०८० आषाढ मसान्तसम्म रहेको हुँदा आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि समेत १ वर्ष करार अवधि थप गरी साविक बमोजिमकै सेवाको शर्त तथा सुविधा बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

**४. सामुदायिक भवनको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ८ मा रहेको आदिवासी, जनजाति, दलित, महिला सामुदायिक भवनमा विगत लामो समयदेखि सार्वजनिक समारोह, कार्यक्रम हुने गरेको र उक्त भवनको विद्युत महशुल बक्यौता रहेकाले एकपटकका लागि बक्यौता भुक्तानीमा सहयोग गरिदिन भवन व्यवस्थापन समितिबाट अनुरोध भई आएको हुँदा नगरपालिकाबाट उक्त विद्युत महशुल बक्यौता भुक्तानीका लागि रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

लुम्दी निर्माण सेवा कन्ट्रक्सन प्रा.लि. बाट प्राप्त दरखास्त बमोजिम लाई अर्जुनधारा नगरपालिकाको घ वर्गकी निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि बमोजिम इजाजतपत्र दिने निर्णय गरियो ।